## राधी विद्युत कम्पनी लिमिटेडको

## आ.व. २०७१/७२ को वार्षिक साधारण सभाको माईन्यूट

आज मिति २०७२ साल माघ महिना ८ गते बिहान ११:०० बजे का.जि.का.म.न.पा वडा नं. १० इन्द्रेणी कम्प्लेक्स, बानेश्वरमा यस राधी विद्युत कम्पनी लिमिटेडको वार्षिक साधारण सभाको बैठक निम्न संचालकहरुको उपस्थितिमा निम्न विषय उपर छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. श्री विनय भण्डारी | अध्यक्ष |
| २. श्री उज्वल सिलवाल | सञ्चालक |
| ३. श्री ध्रुव राज मिश्र | सञ्चालक |
| ४. श्री दिपेन्द्र लाल कर्ण | सञ्चालक |
| ५. श्री हेम जंग गुरुङ्ग | सञ्चालक |
| ६. श्री राम बहादुर गुरुङ्ग | सञ्चालक |

**आमन्त्रित**

| | |
|---|---|
| ७. अवधेश पन्त | गान्धी एण्ड एशोसिएट्सका तर्फबाट |
| ८. सुरेश चन्द्र खरेल | कम्पनी सचिव |

**प्रस्तावहरु**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परिपक्षकको प्रतिवेदन सहित २०७२ साल आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।
३. आ.व. २०७२।७३ को लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. नगद लाभांसको प्रस्ताव अनुमोदन गर्ने (५% नगद लाभांस) ।

ख) **विशेष प्रस्ताव**

५. सर्वसाधारणलाई शेयर निश्कासन गर्ने ।
६. बोनस शेयरको प्रस्ताव अनुमोदन गर्ने (९६५०० कित्ता बोनस शेयर).
७. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलिमा संशोधन : प्रवन्धपत्र तथा नियमावलीमा संशोधन तथा पुरानो प्रवन्धपत्र नियमावली खारेज गरी कम्पनी ऐन, २०६३ को ढाँचामा तयार गरिएको प्रवन्धपत्र तथा नियमावलीको अनुमोदन ।

घ. विविध ।

9.3.2008

RADHI BIDYUT COMPANY LIMITED ESTD. 2052

आजको यो सभा बैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम शेयरधनीको गणपूरक संख्या पूरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको कारवाही अगाडी बढाउन अध्यक्षज्यूले निर्देशन दिनुभयो ।

**<u>छलफल तथा निर्णयहरु :</u>**

**<u>प्रस्ताव नं १</u>**

अध्यक्षज्यूले कम्पनीको आ. व. २०७१/७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सो आ.व.का ठूला उपलब्धिहरु र भविष्यका योजनाहरुबारे चर्चा गर्नु भयो । उक्त प्रतिवेदन माथि निम्न शेयरधनी महानुभवहरुले निम्न बमोजिम जिज्ञासा राख्नुभयो ।

शेयरधनी **श्री स्थिर बाबु घिमिरे ज्यू** ले Contract energy र उत्पादित energy मा भिन्नता को कारण र परामर्श सेवा खर्च एवम् हकप्रद शेयरको बारेमा जिज्ञासा राख्नु भयो । शेयरधनी **श्री शुभनाथ मिश्र ज्यू** ले यस कम्पनीको लगानी रहेको तल्लो खारे खोला र दोर्दी -१ जलविद्युत आयोजनाको हालको प्रगति स्थिति के हो,सो को जानकारी गराइदिनुहुन अनुरोध गर्नुभयो । शेयरधनी **श्री घनश्याम गुरुङ्ग ज्यू** ले हकप्रद शेयर १:०.८५ को भन्दा सानो अनुपातमा हकप्रद शेयर जारी गरेको भए बेस हुन्थ्यो भन्ने सल्लाह दिनुभयो साथै आयोजना स्थलमा पुर्व अध्यक्ष स्वर्गिय श्री मुक्त बहादुर गुरुङ्ग ज्यूको सालिक राख्न ढिलाई भएको कारण बारे स्पष्ट पारिदिनुहुन अनुरोध गर्नु भयो । अर्का शेयरधनी **श्री विष्णु प्रसाद अधिकारी ज्यू** ले कम्पनी र लगानीकर्ताहरु बीचमा साधारण सभा बाहेक अघि पछि पनि कम्पनीका बिषयमा अर्न्तकिया राख्न पाए बेस हुन्थ्यो भन्ने धारणा राख्नुभयो । शेयरधनी **श्री सिंहरास घले ज्यू** ले १:०:८५को अनुपातमा हकप्रद शेयर माग्न पर्ने कारणबारे प्रस्ट पारिदिनुहुन आग्रह गर्नुभयो । त्यस्तै कम्पनीका सवारी साधन के के छन जानकारी गराउन अनुरोध गर्नुभयो । व्यवस्थापन तथा परामर्श खर्च र अन्य खर्च घटाउन सके राम्रो हुन्थ्यो भन्ने सुझाव राख्नु भयो । शेयरधनी **श्री बिल बहादुर गुरुङ्ग ज्यू** ले शेयर प्रमाण पत्र कहिले दिने भन्ने कुराको बारेमा जानकारी गराउन आग्रह गर्नु भयो यसका साथै कुनै वर्षको साधारण सभा आयोजना स्थल घेर्मु, लमजुङ्गमा गरे राम्रो हुने थियो भन्ने सुझाव दिनुभयो । शेयरधनी **श्री कुमेर बहादुर गुरुङ्ग ज्यू** ले हिमाली वन उपभोक्ता समिति लाई शेयर प्रमाण पत्र कहिले दिने हो जानकारी पाउँ भनी अनुरोध गर्नुभयो तथा आयोजनाले बुझाएको Royalty स्थानिय निकायलाई नेपाल सरकारले कसरी वितरण गर्ने गर्दछ भन्ने कुराको जिज्ञासा राख्नु भयो ।

उपरोक्त अनुसार शेयरधनी महानुभावहरुले कम्पनीले आगामी दिनमा लगानी गर्ने भनेका आयोजनाहरुको बारेमा लगायत अन्य विषयहरुमा राखेको जिज्ञासा माथी कम्पनीका अध्यक्षज्यूले प्रस्ट पार्नु भयो । तत्पश्चात अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं २**

लेखापरीक्षकले तयार पार्नुभएको आ. व. २०७१/०७२ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागी पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७१/७२ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं ३**

अध्यक्षज्यूले आ.व. २०७२/७३ को लागी लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षज्यूद्वारा कम्पनीको आ. व. २०७२/७३ का लागि देवकी विजय एण्ड कं. का लेखा परिक्षक श्री पि.के. स्वर्णकारलाई लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक कर वाहेक रु. १,००,०००/०० (रु. एक लाख मात्र ) हुने प्रस्ताव बैठक सामु राख्नु भयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा, देवकी बिजय एण्ड कं. का लेखा परिक्षक श्री पि.के. स्वर्णकारलाई आ.व. २०७२/७३ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रमिक कर वाहेक रु. १,००,०००/०० (रु. एक लाख मात्र ) हुने प्रास्ताव पारित गरियो ।

**प्रस्ताव नं.४**

अध्यक्षज्यूले आ.व. २०७१/७२ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरणमा देखिएको नाफाबाट आ.व. २०७१/७२ असाढ मसान्तको चुक्ता पूँजीमा ५% नगद लाभांस दिने प्रस्ताव बैठक सामु राख्नु भयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा, आ.व. २०७१/७२ असाढ मसान्नको चुक्ता पूँजीमा ५% नगद लाभांस दिने प्रस्ताव पारित गरियो ।

**बिषेश प्रस्ताव**

**प्रस्ताव नं.५**

शेयरधनीहरु लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड, साङ्गे विद्युत कम्पनी लिमिटेड र सि.ई.डि.बि हाइड्रो फण्ड लिमिटेडले प्रचलित ऐन बमोजिम सर्वसाधारणहरुको लागि जारी पूँजीको २५ % शेयर निष्काशन गर्ने प्रस्ताव साधारण सभामा प्रस्तुत गरे । प्रचलित ऐन बमोजिम सो प्रस्तावलाई साधारण सभाको एजेण्डाको रुपमा स्विकार गरि छलफल गरियो । साधारण सभाले सर्वसम्मतले प्रचलित ऐन बमोजिम कम्पनीको जारी पुँजीको २५% ले हुने १०,२५,०० कित्ता शेयर (रु.१०० प्रति कित्ता दरको) सर्वसाधारणलाई निश्काशन गर्ने प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं.६**

अध्यक्षज्यूले आ.व. २०७१/७२ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरणमा देखिएको नाफाबाट आ.व. २०७१/७२ अषाढ मसान्तको चुक्ता पूँजीमा ५.९९४% बोनस शेयर (रु १०० प्रतिकित्ता दरको ९६,५०० कित्ता बोनस शेयर) दिने प्रस्ताव बैठक सामु राख्नु भयो ।

छलफल पश्चात्, उपस्थित सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा, आ.व २०७१/७२ अषाढ मसान्तको चुक्ता पूँजीमा ५.९९४% बोनस शेयर (रु १०० प्रतिकित्ता दरको ९६,५०० कित्ता बोनस शेयर) दिने प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं. ७**

साधारण सभामा उपस्थित शेयरधनीहरुबाट छलफल हुंदा प्रबन्धपत्रको दफा १, ४ (नया ढांचामा ५ ७ । झ) ), ५.१ (नया ढाँचामा ६.१), ५.३, नया ढाँचामा ६.३, ५.४ (नया ढाँचामा ६.४), तथा नियमावलीको नियम १, १२ (नया ढाँचामा २७), ८ (नया ढाँचामा १३), १२ (झ) (नया ढाँचामा ३१) र ४१ मा यस पछिको पृष्ठमा उल्लिखित तिन महले बमोजिम हुने गरी संसोधन गरिने प्रस्ताव उपर छलफल हुंदा बैठकमा उपस्थित सबै शेयरधनीहरुद्वारा सर्वसम्मतले पारित गरियो । यसका साथै पुरानो प्रबन्धपत्र तथा नियमावली खारेज गरी कम्पनी ऐन, २०६३ बमोजिमको ढाँचामा तयार गरिएको प्रवन्धपत्र तथा नियमावली अनुमोदन गर्ने प्रस्ताव उपर छलफल हुंदा बैठकमा उपस्थित सवै शेयरधनीहरुद्वारा सर्वसम्मतले पारित गरियो ।

साथै कम्पनी ऐन २०६३ को ढाँचामा तयार पारिएको प्रवन्धपत्र तथा नियमावलीमा संचालक समितिका अध्यक्ष, कम्पनी सचिव तथा उपस्थित शेयरधनीहरुको तर्फबाट श्री मिराजन गुरुङ्ग ज्यूले हस्ताक्षर गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

कम्पनी सचिव

अध्यक्ष